# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९

| | |
|---|---|
| **लालमोहर सदर मिति** | **नेपाल राजपत्रमा प्रकाशित** |
| **मिति** | |
| २०३९/६/११ | २०३९/६/११ |

**२०३९ सालको ऐन नं.४**

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सम्वन्धी व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** सरकारी निकाय र संस्थानहरुको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने उद्देश्यले त्यस्ता निकाय र संस्थानहरुको जनशक्तिलाई योजनावद्ध तरीकाले प्रशिक्षणको व्यवस्था गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान स्थापना र संचालन गर्नको लागि व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेववाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइवक्सेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**
   (१) यस ऐनको नाम "नेपाल प्रशासनिक प्रशिक्षण ऐन, २०३९" रहेको छ ।
   (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -
   (क) "प्रतिष्ठान" भन्नाले दफा ३ वमोजिमको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ ।
   (ख) "परिषद्" भन्नाले दफा ७ वमोजिमको प्रशिक्षण परिषद् (गभर्निङ्ग काउन्सिल) सम्झनु पर्छ ।
   (ग) "समिति" भन्नाले दफा ९ वमोजिम कार्यकारी समिति सम्झनु पर्छ ।
   (घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ११ को उपदफा (२) वमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।
   (ङ) "संस्थान" भन्नाले नेपाल सरकार[1]को स्वामित्व वा नियन्त्रण भएको "संगठित"संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्था समेत सम्झनु पर्छ ।
   (च) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको "नियमावलीमा तोकिएको"वा तोकिएको वमोजिम सम्झनु पर्छ ।

---

[1] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ को दफा ११० बमोजिम संशोधन गरिएको ।

## परिच्छेद -२
## नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापना, उद्देश्य र नीति

३ **नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापना :**

(१) नेपालमा प्रशासन एवं व्यवस्थापन सम्बन्धी विषयमा उच्चस्तरीय प्रशिक्षणको व्यवस्था गर्नको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानलाई अंग्रेजी भाषामा "नेपाल एडमिनिष्ट्रेटिभ स्टाफ कलेज" भनिनेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अधि स्थापना भएको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान यसै ऐन वमोजिम स्थापना भएको मानिनेछ ।

४. **प्रतिष्ठान संगठित संस्था हुने :**

(१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि व्यक्ति सरह नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानको आफ्नो कार्य संचालन र व्यवस्थापनको सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियमद्वारा व्यवस्थित कार्य प्रणाली अनुसार हुनेछ ।

५. **प्रतिष्ठानको उद्देश्यः** प्रतिष्ठानको उद्देश्य देहाय वमोजिम हुनेछ :-

(क) नेपाल सरकार[२] को र संस्थानको कर्मचारीको लागि आवश्यक पर्ने प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) देशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन नेपाल सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सक्षम वनाउने उपाय गर्ने ।

(ग) प्रशिक्षणलाई वढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका निमित्त समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्वन्धी कार्यक्रमहरु संचालन गर्ने ।

६. **प्रशिक्षण सम्बन्धी नीतिः** प्रतिष्ठानवाट संचालन गरिने प्रशिक्षण सम्वन्धी नीति देहाय वमोजिम हुनेछ ।

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने ।

(ख) प्रशिक्षण कार्यक्रमलाई नेपाल सरकार र संस्थानको विकास कार्यक्रमसंग आवद्ध गर्ने ।

(ग) नेपाल सरकार र संस्थानका कर्मचारीहरुमा विकासमूलक ज्ञान र सीप वृद्धि गरी प्रशिक्षणलाई वृत्ति विकाससंग आवद्ध गर्ने ।

## परिच्छेद -३

---

[२] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ को दफा ११० बमोजिम संशोधन गरिएको ।

## <u>प्रशिक्षण परिषद् र कार्यकारी समितिको गठन,काम,कर्त्तव्य र अधिकार</u>

७. **<u>प्रशिक्षण परिषद गठन</u>**: (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय वमोजिमका सदस्यहरु भएको प्रशिक्षण परिषद्को गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | माननीय सामान्य प्रशासन मन्त्री वा राज्यमन्त्री | - अध्यक्ष |
| (ख) | माननीय उपाध्यक्ष,राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ग) | अध्यक्ष, लोकसेवा आयोग | - सदस्य |
| (घ) | उप-कूलपति, त्रिभुवन विश्वविद्यालय | - सदस्य |
| (ङ) | मुख्य सचिव, मन्त्रि परिषद् सचिवालय | - सदस्य |
| (च) | साचिव, सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (ज) | प्रतिष्ठानका कार्यकारी निर्देशक | - सदस्य—सचिव |

(२) परिषद्को बैठक वर्षमा कम्तिमा दुई पटक वस्नेछ ।

(३) परिषद्को बैठकको कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(८) **<u>परिषद्को काम, कर्त्तव्य र अधिकार</u>**: यस ऐनमा अन्यत्र लेखिएको कामको अतिरिक्त परिषद्को काम, कर्त्तव्य र अधिकार देहाय वमोजिम हुनेछः—

(क) प्रतिष्ठानवाट संचालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) प्रतिष्ठानको नियमावली वनाउने र विनियम स्वीकृत गर्ने ।

(ग) प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति सम्बन्धी समीक्षा एवं मूल्यांकन गर्ने र वजेट स्वीकृत गर्ने ।

(ङ) समितिलाई आवश्यक निर्देशन दिने ।

९. **<u>कार्यकारी समिति गठन</u>**: (१) प्रतिष्ठानको उद्देश्य एवं नीति अनुरुप प्रशिक्षण एवं अनुसन्धान कार्यक्रमलाई सुव्यवस्थित रुपले संचालन गर्न गराउन देहाय वमोजिमका सदस्यहरु भएको कार्यकारी समितिको गठन हुनेछ :

| | | |
|---|---|---|
| (क) | प्रतिष्ठानको कार्यकारी निर्देशक | - अध्यक्ष |
| (ख) | सचिव, सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (ग) | सचिव,कानुन तथा न्याय मन्त्रालय | - सदस्य |
| (ध) | सचिव,अर्थ मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, लोक सेवा आयोग | - सदस्य |
| (च) | सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (छ) | नेपाल सरकारवाट मनोनित तीनजना व्यक्ति | - सदस्य |
| (ज) | परिषद्ले तोकेको प्रतिष्ठानको उप-कार्यकारी निर्देशक | - सदस्य-सचिव |

(२) समितिले आवश्यक देखेमा विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको मनोनिति सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । त्यस्ता मनोनित सदस्यहरुको पाउने पारिश्रमिक तथा अन्य सुविधा तोकिए वमोजिम हुनेछ ।

(४) समितिको वैठक आवश्यकतानुसार वस्नेछ ।

(५) समितिको वैठकको गणपूरक संख्या तथा अन्य कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(१०). **समितिको काम, कर्त्तव्य र अधिकारः** समितिको काम, कर्त्तव्य र अधिकार देहाय वमोजिम हनेछः-

(क) नेपाल सरकार र संस्थानहरुको कर्मचारीहरुकोलागि उपयुक्त प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने ।

(ख) प्रशासकीय समस्याहरु तथा तिनका समाधानका उपायहरु वारेमा समय समयमा सभा र गोष्ठी एवं सम्मेलनको आयोजना गर्ने ।

(ग) अनुसन्धान,परामर्श सेवा एंव सुचना सेवा सम्वन्धी कार्यक्रमहरु संचालन गर्ने ।

(घ) अन्य मुलुकका प्रशिक्षण सम्वन्धी संस्थानहरु र अन्तराष्ट्रिय संस्थानहरुसित सम्पर्क राखी आफ्नो प्रशिक्षण कार्यमा सघाउ पुऱ्याउने ।

(ङ) परिषद् मार्फत नेपाल सरकारलाई राष्ट्रिय स्तरमा प्रशिक्षण सम्वन्धी नीति तजुमा गर्न राय सल्लाह दिने ।

(च) प्रतिष्ठानको प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्वन्धी नीति तर्जुमा गर्ने ।

(छ) परिषद् मार्फत नेपाल सरकार र संस्थानहरुको विभिन्न क्षेत्रसित सम्वन्धित प्रशिक्षण कार्यक्रमहरुको वीचमा समन्वय ल्याउन नेपाल सरकारलाई आवश्यक राय सल्लाह दिने ।

(ज) प्रतिष्ठानको दिर्घकालीन योजना तजुमा गर्ने ।

(झ) प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट तयार गर्ने ।

(ञ) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरवन्दी सृजना गर्ने र तिनीहरुको नियुक्ति गर्ने ।

(ट) प्रशिक्षण कार्यक्रमहरुको मूल्यांकन गर्ने, गराउने ।

(ठ) प्रशिक्षणको क्षेत्रमा नेपाल सरकार र अन्तर्राष्ट्रिय संस्थाहरुको वीच सम्पर्क माध्यमको रुपमा काम गर्ने ।

(ड) प्रशिक्षणलाई कार्यक्रममूलक तथा व्यवहारिक वनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरुका सेवा आवधिक रुपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ढ) प्रतिष्ठानको तोकिएको रकम भन्दा वढीको सम्पत्ति वेचविखन गर्नु पर्दा परिषद्को स्वीकृति लिने ।

(ण) ऐन, नियम वा विनियमको अधीनमा रही प्रशिक्षण सम्वन्धी अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद - ४
## प्रतिष्ठानका कर्मचारीहरु एंव निजहरुको सेवा शर्त सम्वन्धी व्यवस्था

११. **प्रतिष्ठानका कर्मचारीहरु सम्वन्धी व्यवस्था :**

(१) प्रतिष्ठानमा निम्न किसिमका कर्मचारी रहने छन् ।

(क) प्रशासकीय

(ख) प्राध्यापक तथा अनुसन्धान

(२) प्रतिष्ठानको प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ । निजको नियुक्ति नेपाल सरकारवाट हुनेछ । निजको कार्यअवधि पाँच वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजको कार्यअवधि पुनः वढीमा पाँच वर्षको लागि थप गर्न सक्नेछ ।
(३) प्रतिष्ठानमा अन्य कर्मचारीहरु आवश्यकतानुसार रहनेछन् ।
(४) प्रतिष्ठानका कर्मचारीहरुको पारिश्रमिक,सेवाको शर्त एंव सुविधा तोकिए वमोजिम हुनेछ ।

१२. **कार्यकारी निर्देशक र अन्य कर्मचारीहरुको काम, कर्त्तव्य र अधिकार :**
(१) कार्यकारी निर्देशकको काम, कर्त्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।
(क) परिषद् तथा समितिको निर्णय एंव निर्देशनहरु कार्यान्वयन गराउने ।
(ख) प्रतिष्ठानको दिर्घकालिन योजना र वार्षिक कार्यक्रम तथा बजेट समिति मार्फत परिषद्मा स्वीकृतिको लागि पेश गर्ने ।
(ग) परिषद्वाट स्वीकृत प्रतिष्ठानको दिर्घकालिन योजना र वार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने ।
(घ) प्रतिष्ठानका प्रगति विवरणहरु समय समयमा समितिमा प्रस्तुत गर्ने, गराउने ।
(ङ) प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्यांकन गर्ने, गराउने ।
(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग अनुवन्धित कार्यक्रम तथा अन्य सहयोगवाट सम्वन्धित पक्षसंग आवश्यक छलफल गरी समितिमा स्वीकृतिकालागि पेश गर्ने, गराउने ।
(छ) प्रतिष्ठान सम्वन्धी अन्य कार्यहरु गर्ने,गराउने ।
(२) कार्यकारी निर्देशक वाहेक अन्य कर्मचारीहरुको काम,कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद -५
## कोष, हिसाव र लेखापरीक्षण

१३. **प्रतिष्ठानको कोष :**
(१) प्रतिष्ठानको आफ्नो एउटा छुटै कोष हुनेछ ।
(२) प्रतिष्ठानको कोषमा निम्न लिखित रकमहरु रहने छन् ।
(क) नेपाल सरकारवाट प्राप्त हुने अनुदान रकम ।
(ख) कुनै विदेशी सरकार र अन्तर्राष्ट्रिय संघ संस्थाहरुवाट प्राप्त हुने रकम ।
(ग) परामर्श सेवा एंव अनुसन्धान कार्य गरे वापत प्राप्त हुने रकम ।
(घ) अन्य कुनै स्रोतवाट प्राप्त हुने रकम ।
(३) कोषको सवै रकम नेपालको कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ ।
(४) प्रतिष्ठानको आफ्नो उद्देश्य अनुरुपको कार्य गर्नको लागि चाहिने खर्चको रकमहरु उपदफा (१) वमोजिमको कोषवाट व्यहोरिने छ ।

१४. **हिसाव राख्ने तरीका :** प्रतिष्ठानको आम्दानी खर्चको हिसाव परिषद्वाट स्वीकृत ढांचा र तरीका वमोजिम राखिने छ ।

१५. **लेखापरीक्षण :**
(१) प्रतिष्ठानको हिसावको लेखापरीक्षण परिषद्वाट नियुक्त भएको लेखापरीक्षकले गर्नेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण सम्वन्धी अन्य कुरा तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद -६
## प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री एंव पाठ्यक्रम

१६. **प्रशिक्षण यकीन गर्ने :**

(१) प्रतिष्ठानले नेपाल सरकारको प्रशासन र संस्थानहरुको व्यवस्थापन क्षेत्रको लागि आवश्यक प्रशिक्षणको यकीन गर्न समय समयमा सर्भेक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम भएको सर्भेक्षण प्रतिवेदनको आधारमा प्रशिक्षणको पाठ्यक्रम तथा कार्यक्रम निर्धारण गरिने छ ।

१७. **अन्य प्रशिक्षण कार्यक्रमको मूल्यांकन :**

(१) प्रतिष्ठानले नेपाल सरकारको प्रशासन र संस्थानहरुको व्यवस्थापन क्षेत्रमा संचालन भइरहेको अन्य प्रशिक्षण कार्यक्रमहरुको समय समयमा मूल्यांकन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम गरिएको मूल्यांकनको आधारमा प्रतिष्ठानले आफ्नो प्रशिक्षण कार्यक्रममा आवश्यकतानुसार संशोधन वा परिवर्तन गर्न परिषद् मार्फत नेपाल सरकारलाई सुझाव दिन सक्नेछ ।

१८ **प्रशिक्षण पद्धति:** प्रशिक्षार्थीहरुको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवं प्रभावकारी आधुनिक प्रशिक्षण प्रविधिहरु प्रशिक्षण कार्यक्रममा प्रयोग गरिनेछ ।

१९. **प्रशिक्षण सामग्री:** प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमहरुको लागि नेपालको आर्थिक, सामाजिक, राजनैतिक एवं, सांस्कृतिक परिप्रेक्ष्यमा मेल खाने र सैद्धान्तिक दृष्टिकोणवाट उपोयोगी हुने प्रशिक्षण सामग्रीहरुको व्यवस्था गरिनेछ ।

२०. **पाठ्यक्रम:** प्रशिक्षण कार्यक्रमलाई वढी फलदायी एवं प्रभावकारी वनाउने पाठ्यक्रममा सैद्धान्तिक एवं व्यवहारिक दुवै पक्षमा जोड दिइनेछ ।

## परिच्छेद -७
## विविध

२१. **प्रतिवेदन प्रकाशित गनुपर्ने** : प्रतिष्ठानले प्रत्येक वर्ष प्रतिष्ठानको क्रियाकलाप सम्वन्धी प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्नेछ ।

२२. **अधिकार प्रत्यायोजन:** समितिले यो ऐन वमोजिम आफूले पाएको अधिकारमध्ये सवै वा केही अधिकार प्रतिष्ठानको कार्यकारी निर्देशक वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । कार्यकारी निर्देशकले ऐन नियम अन्तर्गत आफुले पाएको अधिकार मध्ये सवै वा केही अधिकार प्रतिष्ठानको उप-कार्यकारी निर्देशक वा अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **नेपाल सरकारसंग सम्पर्क:** प्रतिष्ठानले नेपाल सरकारसंग सर्म्पक राख्दा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्पर्क राख्नेछ ।

२४ **नियम तथा विनियम वनाउने:**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि परिषद्ले आवश्यक नियमहरु वनाउन सक्नेछ ।

(२) प्रतिष्ठानको अन्य आवश्यक काम कारवाहीको लागि उप-दफा (१) अन्तर्गत बनेको नियमावलीको अधीनमा रही समितिले आवश्यक विनियम वनाउन सक्नेछ र त्यस्तो विनियम परिषद्वाट स्वीकृत भएपछि लागू हुनेछ ।